नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
(.................एजेन्सी.................. शाखा)

फोनः ४४२९६५९
४४२९६६०
४४३८८६२
४४३८८६८
फ्याक्सः ४४३३९३५
४४३३९३४
कालिकास्थान, काठमाण्डौ
Website: www.nepalimmigratoin.gov.np
E-mail: mail@nepalimmigration.gov.np


पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
चलानी नं.:-

नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभाग २०४६

## पदयात्रा नगर्ने/नगराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।।।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा यही कार्तिक १२,१३ र १४ गते उच्च पहाडी तथा हिमाली क्षेत्रहरुमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको उच्च जोखिम रहेकाले पर्यटकहरु उच्च पहाडी र हिमाली क्षेत्रमा नजानुहुन तथा गइसकेको भए उक्त अवधिभर सुरक्षित ठाउँमा रहन अनुरोध गरेको व्यहोरा सर्वविदितै छ। यसै परिप्रेक्ष्यमा उच्च पहाडी तथा हिमाली क्षेत्रमा पर्ने कुनै पनि निषेधित क्षेत्रमा पदयात्रा गर्न अनुमति लिनुभएका पदयात्रीले संभावित जोखिम न्यूनीकरणको लागि उक्त अवधिभर पदयात्रा नगर्नुहुन तथा पदयात्रामा गइसकेको भए सुरक्षित ठाउँमा रहनुहुन अनुरोध छ। साथै सो अवधिभरका लागि उच्च पहाडी र हिमाली क्षेत्रमा पर्ने निषेधित क्षेत्रमा जाने पदयात्रा अनुमति आजैको मितिबाट जारी नहुने बेहोरा सम्बन्धित सबैलाई यसै सूचनामार्फत् जानकारी गराईन्छ। साथै ट्रेकिङ एजेन्सी, पदयात्री तथा पथप्रदर्शक लगायत सम्पूर्ण सरोकारवालाले यसै सूचना बमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

मितिः २०८३/०७/१० मंगलबार

२०८३।७।१०
(सूर्य प्रसाद चापागाईं)
निर्देशक